राष्ट्र हित !　　　　　उद्योग हित !!　　　　　श्रमिक हित !!!

# राष्ट्रिय कृषि श्रमिक संघ नेपाल

आबद्ध

(राष्ट्रिय श्रमिक महासंघ नेपाल)　　　　　दर्ता नं : ३०८

गुह्येश्वरी मार्ग-८, गौरीघाट, काठमाडौं

मिति : २०८२।०३।०८

## ज्ञापन पत्र

सम्मानीय प्रधानमन्त्री ज्यु,

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं ।

मार्फत

श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू,

जिल्ला प्रशासन कार्यालय

.................. ।

महोदय,

नेपाल सरकारले विगत ३० बर्ष देखि उखु किसानलाई दिँदै आइरहेको प्रोत्साहन अनुदान कृषि तथा पशुपन्छी विकास मन्त्रलायले रु ७० प्रति क्विन्टल दिने प्रस्ताव गरेपनि मन्त्रीपरिषदले उक्त प्रस्ताव स्विकृत गरेन, जसले गर्दा उखु किसानहरुले उक्त अनुदान अव उपरान्त नपाउने भएका छन् । एकातिर कृषिमा आत्मनिर्भर बन्ने तथा औद्योगिकीकरण गरी रोजगारी सृजना गर्ने सरकारको नीति रहेको छ भने अर्को तर्फ त्यसका विपरीत किसानलाई दिँदैआएको अनुदान कट्टा गर्ने निर्णय भएको हुदाँ राष्ट्रिय कृषि श्रमिक संघ नेपाल उक्त निर्णयको कडा विरोध गर्दछ ।

राष्ट्रिय कृषि श्रमिक संघ नेपालले विगतमा पनि उखु किसानको अन्दोलनमा पूर्ण सहयोग गरी निष्कर्षमा पुयाएको र अहिले पनि नेपाल सरकारद्धारा उखु किसानलाई प्रोत्साहन अनुदान दिने निर्णय नगरेमा राष्ट्रिय कृषि श्रमिक संघ नेपाल संघर्षमा उत्रिने जानकारी गराउदछौं ।

गोपाल यादव
महासचिव
(राष्ट्रिय कृषि श्रमिक संघ नेपाल)